# चुनाव हुँदैन र गर्न सक्दैनन् भन्नेलाई कामले जबाफ दिइन्छ : गृहमन्त्री अर्याल




■ सौर्य समाचार

काठमाडौँ । गृहमन्त्री ओमप्रकाश अर्यालले सुशासन प्रवर्द्धन गर्दै निर्वाचन सम्पन्न गर्ने अभिभारा वर्तमान सरकारको रहेको बताएका छन् । उनले सुशासन प्रवर्द्धन र निर्वाचनको अभिभारा पूरा गर्ने मुख्य जिम्मेवारीलाई मूलमन्त्र मानेर वर्तमान सरकारले काम गरिरहेको बताए । लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई मंगलबार भैरहवामा सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सरकारले त्रासदीपूर्ण अवस्थालाई पार लगाउँदै सुरक्षाको अवस्थालाई सामान्य बनाउन सफल भएको र अब चुनाव गरेर नेतृत्व हस्तान्तरण गर्ने जिम्मेवारी आफूहरुको काँधमा रहेको स्पष्ट पारे । उनले विभिन्न बहाना बनाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भनेर सार्वजनिक खपतका कुरा गर्नेहरुलाई कामले जबाफ दिने पनि बताए ।

'विभिन्न बहाना देखाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भन्ने कुराहरु कहीँ कतै सुनिएका छन्,' उनले भने, 'सार्वजनिक खपतका लागि बोलिएका यस्ता विषयलाई सरकारले आफ्नो काम र भूमिकाबाट जवाफ दिन्छ र दिइरहेको छ ।' राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदी बन्दीलाई प्रमुख सुरक्षा चुनौतीका रुपमा औँल्याएको सन्दर्भमा गृहमन्त्री अर्यालले थपे, 'हामीले धेरै परिमाणमा विशेष अपरेसनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौँ, ठूलो संख्यामा कैदी पनि फिर्ता भइसकेका छन् ।'

गृहमन्त्री अर्यालले आफूहरु सुशासन र भ्रष्टाचार नियन्त्रणको माग राखी जेनजी युवाबाट गत भदौ २३ र २४ गते भएको प्रदर्शनपश्चात् विषम परिस्थितिमा निर्माण भएको सरकारको जिम्मेवारीमा आएको बताए । 'वर्तमान सरकार कसैको निगाहामा बनेको होइन, हामी कुनै अपेक्षाले आएका होइनौँ र हाम्रो व्यक्तिगत इच्छाले आएका होइनौँ,' उनले भने, 'देशको विशिष्ट अवस्थामा, शून्यतालाई पूरा गर्न परिस्थितिले विशेष जिम्मेवारी सुम्पेको हुँदा त्यसका लागि आएका हौँ ।' शान्ति र अहिंसाको सन्देश दिन प्रदेशस्तरीय सुरक्षा गोष्ठीको सुरुआत बुद्ध जन्मस्थल लुम्बिनीबाट गरिएको गृहमन्त्री अर्यालले बताए । गोष्ठीबाट प्रदेश सरकारले सुदृढ सुरक्षा योजना बनाउने अपेक्षा लिएको उनको भनाइ छ । गृहमन्त्री अर्यालले लुम्बिनी प्रदेश राजस्व चुहावटको दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सुशासनको जगमा बनेको यो सरकारले चुहावट नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताए । 'कसैलाई गलत तवर रिजाउनुपर्ने अवस्था छैन, व्यावसायिक ढङ्गले कार्य सम्पादन गर्दा पुग्छ,' उनले भने, 'त्यसैले यस गोष्ठीसँगै राजस्व चुहावट नियन्त्रणमा सरकारी संयन्त्रको संलग्नताका केही कमजोरीहरु बाँकी छन् भने ती अन्त हुनुपर्दछ ।'

नेपाल-भारत सीमाक्षेत्रका भन्सारहरूमा राजस्व चुहावट भइरहेको र नियन्त्रण हुन नसकेको विषयमा गृहमन्त्री अर्यालले सुरक्षा अधिकारीहरूको ध्यानाकर्षण गराएका छन् । प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सम्बोधन गर्दै उहाँले खुला सिमानाबाट राजस्व चुहावटका गतिविधि नरोकिएको भन्दै गम्भीर ध्यानाकर्षण गराएका हुन् । कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको रक्षा र यसको पूर्ण कार्यान्वयन अहिलेको मुख्य प्रश्न रहेको बताए ।

# नेपालमा पहिलोपटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

■ सौर्य समाचार

काठमाडौँ । नेपालमा पहिलोपटक बाथ रोगको अनुवांशिक 'जेनेटिक' कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ । नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो । सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिए । उनका अनुसार बाथरोथ पहिचानका लागि 'एचएलए-डिआरफोर', 'एचएलए-बी५१', 'एचएलए-बी२७ तीन प्रकारका परीक्षण भित्र्याएको हो । उनले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताए । ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताए ।

यसअघि बाथ रोग पत्ता लगाउन ती ३ प्रकारका परीक्षण गर्न विदेश नमुना विदेश पठाउनुपर्दथ्यो । 'एचएलए-डिआरफोर' अमेरिका र 'एचएलए-बी५१' तथा 'एचएलए-बी२७ को परीक्षण भारत पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा.सुधीर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताए । अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ । विशेषज्ञ डा.कर्माचार्यका अनुसार नेपालमा कुल जनसंख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ । धेरैजसोलाई गठिया र युरिक एसिडजस्ता बाथरोग लाग्ने गरेको उनको भनाइ छ । बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ ।

विशेषज्ञ डा कर्मचार्यले बाथरोग लाग्ने बित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताए । उनले बाथरोग फैलिँदै गयो भने बिरामीले जीवनभर औषधि खाएर बाथरोगलाई नियन्त्रण गर्नुपर्ने उल्लेख गरे ।

## शाखा कार्यालय निर्माण तथा आन्तरिक सजावट सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचना

यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को विरगंज महानगरपालिका वडा नं.–८ मा शाखा कार्यालयको निर्माण तथा आन्तरिक सजावट लगायतका कार्य गर्ने प्रयोजनको लागि ईच्छुक निर्माण तथा सजावट सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त रजिष्टर्ड फर्म र कम्पनीहरुले आफ्नो दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर (VAT) प्रमाण-पत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी प्रोफाइल (अनुभव, मुख्य सम्पर्क ब्यक्ति, सम्पर्क नम्बर तथा ठेगाना, जनशक्ति, हाल कार्य गरिरहेको कम्पनीको सिफारिस पत्र) सहितको शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकले तोकेको तपसिलमा उल्लेखित कार्यालयको लागि पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**अन्य थप जानकारीहरु :**

- बैंकको शाखा कार्यालय सञ्चालन गर्नका निमित्त आवश्यक निर्माण, आन्तरीक सजावट, सिभिल कार्य, फनिर्सिङ्ग, इलेक्ट्रिफिकेशन कार्य गर्नको निमित्त संस्थाहरुले आवेदन गर्न सक्नेछन् ।
- शाखा कार्यालय निर्माण, आन्तरीक सजावट तथा मर्मत सम्भार लगायतका कार्यको निम्ति आवश्यक विस्तृत स्पेशिफिकेशन/BOQ बोलपत्र खरिदकर्तालाई बोलपत्र फाराम सँग नत्थी गरेर दिइनेछ । सोही BOQ को आधार मा बोलपत्रदाताले कार्यको जम्मा अनुमानित लागत सहित बोलपत्र पेश गर्नुपर्नेछ । तर बोलपत्रमा उल्लेखित भन्दा फरक विवरण वा केरमेट गरी पेश गरिएको विवरण फाराम स्वतः अस्विकृत हुने छ । साथै छुट प्रदान गर्दा Official Letter head मा मात्र उपल्बध गराउनुपर्ने अन्यथा अस्विकृत हुने छ ।
- बोलपत्रदाताले बोलपत्र पेश गर्दा जम्मा लागत रकम (मु.अ. कर सहित) को ५% ले हुन आउने बोलपत्र जमानत (Bid Bond) बापतको नगद धरौटी जम्मा गरेको सक्कल भौचर वा सो मुल्य बराबरको बोलपत्र पेस गर्ने अन्तिम मिति देखि गणना गरि कम्तीमा ३० (तिस) दिनको बैंक ग्यारेण्टी सहित पेश गर्नुपर्नेछ ।
- उक्त कार्यको निम्ति दरभाउपत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीको आ.व. २०८१/८२ को वार्षिक कारोबार कम्तीमा कम्तीमा ५ करोड वा १० वटा शाखा कार्यालयहरु को निर्माण, आन्तरीक सजावट, सिभिल फनिर्सिङ्ग, तथा इलेक्ट्रिफिकेशन कार्य गरेको अनुभव हुनुपर्नेछ ।
- छनौट भएका बोलपत्रदाताले निर्माण सम्झौता गर्नुअघि बोलपत्रको जम्मा लागत रकम (मु.अ. कर सहित) को १०% ले हुन आउने परफरमेण्स बण्ड बापतको नगद धरौटी जम्मा गरेको सक्कल भौचर वा सो मुल्य बराबरको सम्झौता अवधि भरको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।
- बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन वा बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट बैंकको केन्द्रीय कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर, निजहरुको अनुपस्थितमा पनि बोलपत्रहरु खोल्न बाधा पुग्ने छैन । यदि बोलपत्र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन बोलपत्र खोलिनेछ ।
- यो सूचनामा छुट्न गएका तथा अन्य विस्तृत शर्त तथा विषयहरु बोलपत्र फाराममा उल्लेख भए अनुसार तथा यस विकास बैंकको आर्थिक प्रशासन विनियमावली, २०७२ बमोजिम हुनेछ ।
- बोलपत्र फाराम यस बैंकको तपसिलमा उल्लेखित कार्यालयबाट कार्यालय समय भित्र प्रति फाराम रु. ५,०००/- (पाच हजार मात्र) यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालयको खाता नं. ९९९–९३०७४०१०५०१०१ जम्मा गरेको भौचर दिई खरिद गर्न तथा पेश गर्न सकिनेछ ।
- बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने लगायत कारण जनाई वा नजनाई अस्विकृत गर्नसक्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।

**यस सम्बन्धमा थप जानकारी लिने वा बोलपत्र खरिद वा पेश गर्ने स्थान:**

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४५२१८६१, ४५२१८६२**

www.shangrilabank.com

---

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र**
**वीरेन्द्रनगर, सुर्खेत**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/१०**

यस केन्द्रबाट प्रकाशित सुचना अनुसार तपशिल अनुसारको ठेक्कामा तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभुत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट छनौट गरी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| ठेक्का.नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट र पि .एस बाहेक) |
|---|---|---|---|
| PAHARC/SKT/W/ NCB/01/082-083 | Construction Work of Pradesh Ayurveda Hospital and Research Centre Prefab Building Works | Dipak nirman sewa Birendranagar-4 Surkhet | 3400696.54 |

**निमित्त निर्देशक**

---

**अमरगढी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२।०८।१०

देहायको निर्माण र खरिद कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगााना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | SK - Mahadev JV, Ashigram 07, Dadeldhura | Construction of Major irrigation Project Phase - II , Amargadhi Municipality ward No 01, 02 & 03 Dadeldhura | AM/DDL/WORKS/NCB/01-2082/083 | 3,22,74,097.75 (Three Crore Twenty Two lakh Seventy Four Thousand Ninety Seven Rupees & Seventy Five Paisa only) |
| 2 | Sofy International Pvt. Ltd., Baneshower-35, Kathmandu | Procurement, Supply and Delivery of Health Medicine, Amargadhi Municipality Dadeldhura | AM/DDL/GOODS/NCB/01-2082/083 | 8,94,725.50 (Eight Lakh Ninety four Thousand Seven hundred Twenty Five Rupees & Fifty Paisa only) |

---

**स्थानिय सरकार**
**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पथरी, मोरङ, कोशी प्रदेश, नेपाल**

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०८।१०**

चालु आ.व. 2082/083 मा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका योजना बोलपत्र ठेक्का प्रकृयाबाट संचालन गर्नुपर्ने भएकोले इच्छुक निर्माण ब्यवसायी/कम्पनीहरुबाट https://www.bolpatra.gov.np/egp मा उल्लेखित सर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाइन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं | कामको विवरण | लागत अनुमान (भ्याट र पि. एस. सहित) रु. | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| PSMUN/NCB/WORKS /2082/083-01 | SAHID RATNA MARGA KALOPATRE 2082/083 | 1,93,80,230.52 | ३,०००।- | 4,50,000।- | 2082।09।11 दिनको १२:00 बजे सम्म मात्र |
| PSMUN/NCB/WORKS /2082/083-02 | PULCHOWK BHATEGOUDA SADAK KALOPATRE NIRMAN 2082/083 | 1,28,97,841.67 | ३,०००।- | 3,00,000।- | 2082।09।11 दिनको १२:00 बजे सम्म मात्र |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ। निर्माण सम्बन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

२. वोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
नोट: माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार https://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी विड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Madhyanepal Municipality**
**Office Of The Municipal Executive**
**Bhorletar, Lamjung**
**Gandaki Provience, Nepal**

## Invitation for E-bid

**Date of publication: 2082/08/10 (26th Nov, 2025)**

1. Madhyanepal Municipality,Office Of The Municipal Executive,Bhorletar, Lamjung (Gandaki provience Chief minister Nabaparbartan Shajhedari Karyakaram Aantargat Brihat Byabasayek Aadhunik Mauripalan Parbardhan Pariyojana) invites electronic bids from Nepalese eligible bidders for the construction of works described in Table below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Madhyanepal Municipality Tel: 9848323282 email: madhyanepalmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost of NRs 3000.00 bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.
4. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:**- Agriculture Development Bank , Bhorletar Branch, Lamjung.
   **Name of The Office:**- Madhyanepal Municipality , Bhorletar, Lamjung.
   **Office Code no. :**- 80437402300
   **Office Account no (Rajaswa) :**- 0317901210260067 Aantarik Rajaswa Khata Ga.1.1
   **Office Account no. (For Cash Bid Security) :**- 0317901210260032 Staniya Taha Dharauti Khata G.4.1
5. Electronic bids must be submitted to the office Madhyanepal Municipality, Bhorletar, Lamjung through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2082/09/13( 28th Dec, 2025). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M. on 2082/09/13( 282h Dec., 2025 ) at the office of Madhyanepal Municipality , Bhorletar, Lamjung. Bids must be valid for a period of 90 days after bid opening and must be acco mpanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum of described in table below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Pre-Bid Meeting shall be held at The MadhyanepalMunicipality, Office of The Rural Municipal Executive, Bhorletar, Lamjung at 2082/09/01 (163h Dec.2025) at 2:00P.M.
9. The Employer reserves the Right to Accept or Reject wholly or partly any or all the bids without assigning any reason what's over.

| S.N | Contract identificaion No. | Name of Project | Estimated Amount (NRs) with VAT& P.S. | Bid Security Amount (NRs) | Cost of Bid Documents (NRs) |
|---|---|---|---|---|---|
| 1 | MNM/NCB/G/ 2082/83/01 | Supply and installations of beehives with bees and other equipment used in Beekeeping at different places of Madhyanepal Municipality Lamjung | 1,78,74,350.00 | 4,50,000.00 | 3,000.00 |

***Chief Administrative Officer***